# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८** संख्या १८ **मिति २०८१।०२।२१**

# भाग ९

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

शारदा नगरपालिकामा खेल शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि,

२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/१४

प्रमाणीकरण मितिः २०८१/०२/१७

शारदा नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा खेलकुद शिक्षक व्यवस्थापन कार्य व्यवस्थित मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गर्न नेपालको संविधान, २०७२ को अनुसूची ९ (संघ, प्रदेश र स्थानीय तहको अधिकारको साफा सूची तर्फ क्र.सं. २), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११९ ले दिएको अधिकारलाई आधार मानी शारदा नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **सक्षिप्त नामः** यस कार्यविधिको नाम शारदा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा खेलकुद शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि सम्झनु पर्दछ।

२. यो कार्यविधि कार्यपालिकाको निर्णय पश्चात स्थानीय राजपत्रमा प्रकाशित गरिएको मितिदेखि लागु हुनेछ।

परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "विद्यालय" भन्नाले यस शारदा नगरपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरु सम्झनु पर्दछ।

ख. "कार्यविधि" भन्नाले शारदा नगरपालिकामा खेलकुद शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ।

ग. "खेलकुद शिक्षक छनौट समिति" भन्नाले दफा ५ बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्दछ।

घ. "नगरपालिका" भन्नाले शारदा नगरपालिका भन्ने बुझ्नु पर्दछ।

ङ. "खेलकुद शिक्षक” भन्नाले सामुदायिक विद्यालयमा खेल सम्वन्धी कार्य गर्न दफा ५ बाट छनौट शिक्षक सम्झनु पर्दछ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शारदा नगरपालिकामा आर्थिक तथा प्रशासनिक कार्य जिम्मेवारी प्राप्त अधिकृत कर्मचारीलाई बुझ्नुपर्छ।

छ. "शिक्षा अधिकृत” भन्नाले यस शारदा नगरपालिकामा कार्यरत शिक्षा सेवा शिक्षा प्रशासन अधिकृत छैटौं तहको कर्मचारी सम्झनु पर्दछ।

ज. "कार्यपालिका" भन्नाले शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

झ. "परीक्षा" भन्नाले यस शारदा  नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा खेलकुदको क्षेत्रमा कार्य गर्ने शिक्षकको छनौट गर्ने वस्तुगत, विषयगत तथा अन्तरवार्ता सम्बन्धी परीक्षा सम्झनु पर्दछ।

ञ. "सुविधा" भन्नाले शारदा  नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्य गर्न छनौट समितिबाट परीक्षा उत्तिर्ण गरेको शिक्षकले मासिक रुपमा पाउने तोकिएको सुविधा सम्झनु पर्दछ।

ट. "सवारी साधन" भन्नाले खेलकुद शिक्षक विद्यालयमा जाँदा प्रयोग गर्ने दुई पाङ्ग्रे सवारी साधन सम्झनु पर्दछ।

## परिच्छेद-२

**३. तलब भत्ताको स्रोतः** शारदा  नगरपालिकाको आन्तरिक स्रोत।

**४. योग्यता तथा अयोग्यताः -**

क. नेपाली नागरिक भएको,

ख. कक्षा १२ पास गरेको ,

ग. १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ,

घ. भविष्यमा सरकारी नोकरी खान कुनै फौजदारी अभियोग लागेको तथा जघन्य देवानी संहिता प्रतिकुल कसुर गरेको हुन नहुने ,

ङ कम्तीमा २ वटा राष्ट्रिय स्तरको खेलमा सहभागि भएको वा कुनै पनि खेलमा प्रशिक्षक /प्रशिक्षण तालिम प्राप्त गरेको,

छ खेलकुदको क्षेत्रमा साधारण ज्ञान भएको ,

ज विद्यालयमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसूची ४ मा रहेका खेलकुदका नियमहरु जानेको हुनुपर्ने छ।

**५. छनौट समितिको गठनः** खेलकुद शिक्षक छनौट परिक्षा समितिमा तपसिलमा तीन सदस्यहरु रहनेछन् :

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. | सम्बन्धीत विषयको विषय विज्ञ २ जना | सदस्य |
| ग. | शिक्षा शाखा प्रमुख | सदस्य |
| घ. | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**६. छनौट समितिको काम कर्तव्य र अधिकारः**

क. तोकिएको परीक्षा सञ्चालन गर्ने।

ख. शारदा नगरपालिकाले तोकेको सम्बन्धित खेलको विषय विज्ञ रहने।

ग. विषय विज्ञलाई परिच्छेद ४ दफा ११ अनुसारको पाठ्यक्रम तथा मापदण्ड अनुसार प्रश्नपत्र निर्माण गर्न निर्देशन गर्ने।

घ. विषय विज्ञलाई परिच्छेद ४ दफा ११ अनुसारको पाठ्यक्रम अनुसार प्रश्नपत्र निर्माण पश्चात खामबन्दि गरी लाहछाप सहितको प्रश्नपत्र छनौट समितिलाई बुझाउन निर्देशन गर्ने।

ङ. प्राप्त खामबन्दि प्रश्नपत्र प्रयोग गरी परीक्षा सञ्चालन गर्ने।

च. परीक्षा गर्न सो विधामा दक्ष विषय विज्ञ तोक्ने।

छ. परीक्षाबाट उतिर्ण उम्मेद्वारहरुको वर्णानुक्रम अनुसार नामावली प्रकाशन गर्ने र अन्तवार्ता गर्ने।

ज. सबै भन्दा बढी अंक ल्याउने उम्मेद्वारलाई छनौट गर्ने र वैकल्पिक समेतको सूचना टाँस गर्ने।

झ. छनौट खेल शिक्षकलाई नियुक्तिको लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने।

## परिच्छेद-३

सेवा सुविधा तथा आचारसंहिताः

**७. खेल शिक्षकको मासिक तलब** भत्ताः नियुक्त खेल शिक्षकको मासिक तलब भत्ता तोकिए बमोजिम हुनेछ।

**८. अन्य सेवा सुविधा** करार सम्झौता अनुसार हुनेछ।

**९. करार म्याद**ः कार्यसम्पादन मुल्याङ्कनलाई आधार मानि प्रत्येक ६/६ महिनामा म्याद थप गर्न सकिने।

**१०. आचारसहिताः**

क. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धी कार्यविधिमा रहेका खेलविधाहरुको ज्ञान भएको हुनुपर्ने।

ख. कार्यालय प्रमुखले लगाएको खेलविधा सम्बन्धी कार्य गर्नु पर्नेछ।

ग. खेलकुद सम्बन्धी मात्र काम गर्नु पर्नेछ।

घ. विद्यालयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालित निर्देशिका २०७० को अनुसूची ४ खेलकुदका नियमहरु सिक्नु शिक्षकको दायित्व हुनेछ।

ङ.	कार्यालयमा कार्यालय प्रमुखप्रति पुर्ण वफादार रहनु पर्नेछ।

## परिच्छेद-४

पाठ्यक्रम परीक्षा अन्तवार्ता तथा सिफारिस सम्बन्धी व्यवस्था

**११. परिक्षाको लागि पाठ्यक्रमः**

वस्तुगतः ५० पूर्णाङ्क समयः ४५ मिनेट।

| सि नं | विषय क्षेत्र | प्रश्नको प्रकार | पूर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक भार | जम्मा अंक भार |
|---|---|---|---|---|---|---|
| १ | खेलकुद सम्बन्धी आधारभुत विषय | वस्तुगत | १० | ५ | २ | १० |
| २ | नेपालकोसंविधान, शिक्षा ऐन तथा निमयावली | वस्तुगत | १० | ५ | २ | १० |
| ३ | राष्ट्रिय महत्वका समसामयिक घटनाक्रम तथा राष्ट्रीय तथा अन्तराष्ट्रीय खेलकुदका गतविधीहरु | वस्तुगत | १० | ५ | २ | १० |
| ४ | स्वास्थ्य तथा शारिरीक शिक्षा सम्बन्धी शिक्षण विधि, प्रक्रिया, कार्यान्वयन पद्धति अभ्यास र मुल्यांकन | विषयगत | १० | ५ | २ | १० |
| ५ | खेलकुदका विविध विधाहरु सम्बन्धी विषयगत ज्ञान | विषयगत | १० | ५ | २ | १० |

**विषयगत सम्बन्धी पाठ्यक्रमः**

**५० पूर्णाङ्क समयः १ घन्टा ३० मिनेट**

| सि नं | विषय क्षेत्र | प्रश्नको प्रकार | पूर्णाङ्क | प्रश्न संख्या | अंक भार | जम्मा अंक भार |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० | संक्षिप्त | ५ | १ | ५ | ५ |
| २ | राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ | संक्षिप्त | ५ | १ | ५ | ५ |
| ३ | राष्ट्रिय खेलकुद, विकास नियमावली, २०७९ | संक्षिप्त/विस्तृत | १५ | २ | १०+५ | १५ |
| ४ | नेपालको संविधान, २०७२ को भाग ३,४ र ५ मात्र | संक्षिप्त | ५ | १ | ५ | ५ |
| ५ | विद्यालय तह कक्षा १ देखि कक्षा १२ सम्मका स्वास्थ्य तथा शारीरिक विषयको ज्ञान पूर्णाङ्क | संक्षिप्त/विस्तृत | २० | ३ | १०+५+५ | २० |

**अन्तवार्ता सम्बन्धी व्यवस्थाः**

**२५ पूर्णाङ्क**

| | | |
|---|---|---|
| क. | विषयवस्तुको ज्ञान वापत | १५ अंक |
| ख. | पुर्व अनुभव / शैक्षिक योग्यता | ३ अंक |
| ग. | हाउभाउ र प्रस्तुतिकरण वापत | ५ अंक |
| घ. | शिक्षकको शारीरिक फिटनेस वापत | २ अंक |

(नोटः- पूर्व अनुभव/शैक्षिक योग्यता को नम्बर दिदा अन्तराष्ट्रिय खेलमा सहभागी भए ३, राष्ट्रिय स्तरको खेलमा सहभागी भएको भए २ र प्रदेश स्तरीय खेलमा सहभागी भएको भए १ नम्बर। )

अन्तर्वार्ता वापतको ५ अंकमा ७५ प्रतिशत भन्दा बढि अंक दिएमा स्पस्टिकरण दिनुपर्ने तथा ३५ प्रतिशत भन्दा कम अंक दिन पाइने छैन।

**१२. सिफारिस सम्बन्धी व्यवस्थाः**

क. खेलकुद शिक्षक छनौट समितिले नियुक्तिको लागि शारदा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्नुपर्ने छ।

ख. सिफारिस भए पश्चात कार्यालय प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति तथा पदस्थापनाको पत्र सहित कामकाजमा खटाउनु पर्नेछ।

ग. प्रमुख प्रशासकीय अधिकृतले खेलकुद शिक्षकलाई नियुक्ति तथा पदस्थापनाको पत्र पश्चात पद तथा गोपनीयताको सपथ खुनाउनु पर्नेछ।

**१३. निर्देशिका बनाउने अधिकार र अख्तियारीः**

१) शारदा नगरपालिका नगर कार्यपालिकाले सामुदायिक विद्यालयहरुको खेलकुद क्षेत्रको उन्नयनको लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने छ।

२) यस कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन गर्ने र बाधा अड्काउ फुकाउने पुर्ण अधिकार शारदा नगरपालिका नगर कार्यपालिकालाई हुनेछ।

**आज्ञाले**

ओम प्रकाश देबकोटा

प्रमुख प्रशासकीय अधिकृत